का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ असार २०७९,

शुक्रबार

17 June 2022,

Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १३२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# एसपीपीबारे सेनाले पठाएको पत्र सार्वजनिक

अमेरिकी सेनाको स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी) मा संलग्न हुन नेपाली सेनाले सन् २०१५ मा पत्राचार गरेको पत्र सार्वजनिक भएको छ ।



### प्रधान सेनापतिलाई संसदीय समितिले बोलायो

*नेपाली सेनाले एसपीपीका लागि पत्राचार गरेको विषय सार्वजनिक भएपछि संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले प्रधानसेनापति प्रभुराम शर्मालाई छलफलमा बोलाएको छ ।*

*संसदीय समितिले शुक्रबार बिहान ९ बजेका लागि बस्ने तय भएको बैठकमा प्रधानसेनापति शर्मालाई छलफलमा बोलाएको हो । समितिको सचिवालयका अनुसार एसपीपीकै विषयमा प्रधान सेनापतिसहित सरकारी अधिकारीहरुलाई छलफलमा बोलाइएको हो ।*

*बैठकमा प्रधानसेनापति शर्मासँगै परारष्ट्रमन्त्री नारायण खड्का, परराष्ट्र सचिव भरतराज पौड्याल र रक्षा सचिव, किरणराज शर्मालाई समेत बोलाएको छ ।*



*प्रधानसेनापति प्रभुराम शर्मा*

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २ असार ।

अमेरिकी सेनाको स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी) मा संलग्न हुन नेपाली सेनाले सन् २०१५ मा पत्राचार गरेको भनिएको पत्र सार्वजनिक भएको छ ।

सार्वजनिक पत्र अनुसार सन् २०१५ को अक्टोबर २७ मा तत्कालीन प्रधान सेनापति राजेन्द्र क्षेत्रीले नेपालस्थित अमेरिकी राजदूत अलाइना बी तेप्लिजलाई पत्र लेखका हुन् । सार्वजनिक पत्रमा नेपाल सरकारका तर्फबाट आधिकारिक रुपमा नेशनल गार्ड स्टेट पार्टनरसिप प्रोग्राम (एसपीपी) सहभागी हुन इच्छुक रहेका अनुरोध अमेरिकी सरकारसँग गरिएको छ ।

त्यसबेला नेपालमा केपी शर्मा ओली प्रधानमन्त्री थिए । एमालले आफुले एसपीपी रोकेको दाबी गर्दै आएका बेला माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बिहीबार बिहान मात्रै एमालेले एसपीपीमा सम्झौता गरेको दाबी गरेका थिए। लगत्तै प्रतिनिधिसभामा विशेष समय लिएर एमालेका उपाध्यक्ष इश्वर पोखरेलले एमाले सरकारले सम्झौता गरेको लिति प्रमाण दिन सुझाएका थिए। त्यसको केही बेरमै एसपीपी मा संलग्न हुन नेपाली सेनाले सन् २०१५ मा गरेको पत्राचार गरेको पत्र सार्वजनिक भएको हो।

रार्जजसिन भएको पत्रमा नेपाल सरकारको तर्फबाट एसपीपी कार्यक्रममा निकट भविष्य नै सामेल हुन इच्छुक रहेको स्पष्ट पारेको बुँदा उल्लेख छ ।

एसपीपीमा सहभागी हुँदा यसले दीर्घकालीन तथा दुई पक्षलाई नै फाइदा पुग्ने गरी सुरक्षा सम्बन्ध मजबुत हुनुका साथै सैन्य कुशलता तथा अनुभव आदानप्रदानमा सहयोग पुग्ने तथा सुरक्षा ज्ञान आदानप्रदान गर्न मद्दत पुग्नुका साथै सुरक्षा समन्वयमा थप क्षमता वृद्धि हुने पनि उल्लेख छ।

एसपीपी दुवै पक्षको – बाँकी पृष्ठ २ मा

## अमेरिकाले भन्यो

# नेपालले एसपीपी नलिन पाउँछ

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २ असार ।

नेपालमा एसपीपीको विरोध भएपछि अमेरिकी दूतावासले एसपीपीमा सहभागी हुन नचाहे नेपालले पत्राचारमार्फत रद्द गर्न सक्ने बताएको छ ।

काठमाडौंस्थित अमेरिकी राजदूतावासका उपप्रमुख मानुएल पी. मिकलरले यस्तो विकल्पबारे सुझाएका हुन्। उनले भनेका छन्, 'कुनै देशले अमेरिकालाई उनीहरू अब कार्यक्रम (एसपीपी) मा भाग लिन चाहदैनन् भनी जानकारी दिन सक्छ । एसपीपी कार्यक्रममा रहेका लगभग ९० देशमध्ये बेलारुसले मात्र कार्यक्रममा आफ्नो सहभागिता समाप्त गरेको छ ।

बुधबार पत्रकारहरुसँगको भेटमा उनले सन् २०१५ मा नेपालले कार्यक्रममा सहभागी हुन पहिलो पटक र २०१७ मा पुनः कार्यक्रममा सहभागी हुन दोस्रो पटक अनुरोध गरेको जानकारी दिएका थिए । उनका अनुसार सन् २०१९ मा अमेरिकाले नेपालको सहभागिता सुनिश्चित गरेको थियो ।

यसरी तीन पटक पत्र आदन प्रदान भएको सार्वजनिक भएको भोलिपल्टै एसपीपीबारे २०१५ को पत्र सार्वजनिक भएको छ। २०१७ र २०१९ को पत्र भने सार्वजनिक गरेको छैन् ।

> कुनै देशले अमेरिकालाई उनीहरू अब कार्यक्रम (एसपीपी) मा भाग लिन चाहदैनन् भनी जानकारी दिन सक्छ ।



# सञ्जालदेखि संसदसम्म विरोध

> एसपीपी सम्झौता कार्यान्वयन गर्न नहुने मत सहित सामाजिक सञ्जालदेखि संसदसम्म विरोध चर्किएको छ । सांसदहरुले लगातार यसबारे प्रश्न उठाएपछि गृहमन्त्री बालकृण खाँण यो सम्झौता कार्यान्वयन नगरिने प्रष्टोक्ति दिएका छन् ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २ असार ।

स्टेट पार्टनरसीप प्रोग्राम (एसपीपी) सम्झौताबारे सदनदेखि सडकमा आलोचना देखिएको छ। प्रधानमन्त्री शेरबहादुर देउवाको सम्भावित अमेरिका भ्रमणसँग जोडेर एसपीपीको चर्को आलोचना भइरहेको हो । गृहमन्त्री बालकृष्ण खाँडले भने एसपीपीमा नेपाल संलग्न नहुने प्रष्टोक्ति दिएका छन्। 'स्टेट पार्टनरसीप प्रोग्राममा नेपाल संलग्न छैन । संलग्न हुने सोच पनि छैन । नेपाल सरकारको तर्फबाट निवेदन गर्न चाहन्छु, नेपालको कुनै संलग्नता छैन' गृहमन्त्री खाँडले भने। उनले नेपाल कुनै पनि सैन्य गठबन्धनको हिस्सेदार नहुने दाबी समेत गरेका छन्।

नेकपामा ओवादी केन्द्रका नेता एवं राष्ट्रियसभा सदस्यना रायणकाजी श्रेष्ठले नेपालले एसपीपी सम्झौतो नगरेको भए अमेरिकालाई पत्र लेखेर प्रतिवाद गर्नुपर्ने बताएका छन्। 'हामीले सम्झौता गरेका छैनौं भनेर पत्र लेख्न पर्दैन ? मुखले बोलेर हुन्छ ? सरकारको तर्फबाट पत्र लेख्न पऱ्यो,' 'एसपीपी भनेको विपद् व्यवस्थापनको सहयोग गर्ने सम्झौता हो भनी यहाँ झुठ बोलिएको छ,' श्रेष्ठले भने, 'सन् २०१९ मा यो सम्झौता अघि बढेको भनिएको छ, तत्कालीनप्रधानमन्त्री, रक्षामन्त्रीर परराष्ट्र – बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारीमा रहेकालाई सामाजिक सुरक्षामा आवद्ध हुन मन्त्री श्रेष्ठको अपिल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ असार

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगारीमा रहेकाहरुलाई सामाजिक सुरक्षामा आवद्ध हुन अपिल गरेका छन्। गत वैशाख ४ गतेको मन्त्रिपरिषद वैठकले वैदेशिक रोजगार तथा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिहरुको नियमित योगदान रकम सञ्चित गर्ने, सञ्चित रकमको लगानी प्रतिफल सञ्चयकर्ताले प्राप्त गर्न सक्ने गरी तत्काल कार्यविधि बनाउने निर्णय गरिएको बताउँदै मन्त्री श्रेष्ठले जीवनको उर्भर समय विदेशमा खर्ची बुढेसकालमा सहाराको रुपमा कोषबाट सञ्चालित आश्रीत परिवार सुरक्षा योजनाबाट सहयोग प्राप्त हुने बताए ।

वैदेशिक रोजगारीका क्रममा दुर्घटनामा परी आजिवन काम गर्न नसक्ने गरी अंगभंग भई आजिवन सामाजिक सुरक्षाको आवश्यकता रहेकाहरुलाई पनि कोषले सञ्चालन गरेको अशक्तता सुरक्षा योजनावाट सहायता उपलब्ध हुने मन्त्री श्रेष्ठको भनाइ छ। ठुलो संख्यामा नेपालीहरु बिभिन्न मुलुकमा श्रम गरिरहेको उल्लेख गर्दै उनले जोखिमयुक्त काम गर्न बाध्य श्रमिकको सम्मानित श्रमका लागि सामाजिक सुरक्षा अपरिहार्य रहेको बताए ।

आगामी आर्थिक वर्षको बजेटमा पनि वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने विषय उल्लेख गरिएको मन्त्री श्रेष्ठले बताए। श्रम मन्त्रालयमा समिति गठन गरी वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक पुर्वाधार तयार गरिएको उनले बताए ।

गन्तव्य मुलुकसँग द्विपक्षीय समझदारी गरी वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइने उनले बताए । आगामी पाँच – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### प्रदेशका बजेटमा पनि वैदेशिक रोजगार घटाउने योजना

**अशोक घिमिरे / रासस**
काठमाडौं, २ असार

सातै प्रदेशका सरकारले बुधबार आगामी आर्थिक वर्षका लागि बजेट प्रस्तुत गरेका छन्। संविधानका अनुसूचीअनुसार प्रदेश सरकारका क्षेत्राधिकारभित्र पर्ने विषयलाई सम्बोधन गर्ने गरी प्रदेश सरकारका बजेट आएका छन्। सातै प्रदेशले रोजगारी सिर्जना, सीपमूलक तालिम प्रदान, औद्योगिक क्षेत्रका प्रवर्द्धनका लागि बजेट विनियोजन गरेका छन् ।

बागमती प्रदेश सरकारले १० हजार युवालाई स्वदेशमै काम गर्न सक्ने गरी स्वरोजगारमूलक सीप सिकाउन 'मुख्यमन्त्री सीप विकास तथा रोजगार कार्यक्रम' सञ्चालन गर्ने घोषणा गरेको छ। सो कार्यक्रममा प्रदेशभित्रका गरिब, विपन्न र द्वन्द्वपीडित परिवारका व्यक्तिलाई सीपमूलक तालिममा प्राथमिकता दिइने छ। उक्त कार्यक्रम सञ्चालन गर्न १५ करोड विनियोजन – बाँकी पृष्ठ २ मा

# सभामुखमाथि संसदीय प्रश्न

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २ असार ।

सभामुखमाथि संसदीय प्रश्न खडा भएको छ। खासगरी सभामुखले प्रमुख प्रतिपक्षीले उठाएको मागमा सत्तापक्षलाई सहयोग पुग्ने गरी भूमिका खेलेपछि स्वमं सांसदहरुले सभामुखको व्यवहारमाथि प्रश्न उठाएका छन् ।

अर्थमन्त्री जनार्दन शर्माले बजेट निर्माणमा अनाधिकृत व्यक्तिलाई प्रवेश गराएको अरोप लगाउँदै एमालेले संसदीय छानविन समिति गठनको माग राख्दै आएको छ। प्रमुख विपक्षीको मागलाई वेवास्ता गर्दै सभामुखले संसदमा सत्तापक्षको बहुमतको चाहना अनुसार पेलेरै संसद चलाउने रणनीति अख्तियार गरेका छन् ।

बिहीबार प्रमुख विपक्षी एमालेका सांसदहरु उठेर विरोध गरिरहँदा सभामुखले अर्थमन्त्रीलाई रोष्ट्रमा गएर अर्थमन्त्रालयमाथि उठेका प्रश्नहरुको जवाफ दिन समय दिए। सभामुखले समय दिएपछि अर्थमन्त्रीले जवाफ दिए। तर, अर्थमन्त्रीको जवाफ प्रस्तुत भइरहँदा एमाले सांसदहरु उभि रहे। सभामुखले अर्थमन्त्रीलाई स्पष्टीकरण सोध्ने समयमा बोल्न दिए। त्यसपिति एमालेका प्रमुख सचेतक विशाल भट्टराईले प्रमुख प्रतिपक्षी दलले गम्भीर रुपमा लगातार विषय उठाइसकेपछि सभामुखले गम्भीरता पूर्वक नलिएको गम्भीर आरोप लगाए ।

'प्रमुख प्रतिपक्षीले यो ठाउँ (प्रतिपक्षको बेन्च) मा उठेर अब्जेसन जनाइसकेपछि जबरजस्ती रुपमा अर्थमन्त्रीलाई त्यहाँ (रोष्ट्रम) उभ्याएर, जनताले सुन्नै नचाहेको विषय यहाँ प्रस्तुत गर्न खोजेर सभामुख ज्युले वास्तवमा यो संसदीय मर्यादालाई पनि अलिकति सम्मान गर्नु भएन कि भन्ने हामीलाई चिन्ता लागेको छ' एमाले सचेतक भट्टराईले भने। उनले यत्ति भनेर आफ्नो पार्टीले अर्थमन्त्रीले जवाफ दिने कायर्यक्रम रहने सेसन नै बहिष्कार गर्ने घोषणा गरे। त्यसपछि एमाले सांसदहरु बैठक छाडेर निस्के ।

संसदीय व्यवस्थामा एक जनाले उठेर विरोध गरेपनि अवरोध गरेको मान्ने र सदनको कामकारबाहीको विषयमा सभामुखले समन्वय गर्ने गरिन्छ। तर, सभामुखले संसदमा ९८ सिट सहितको हैसियतमा रहेको सबैभन्दा ठुलो एवं प्रतिपक्ष दलले उठाएका कुरा बेवास्ता गरेर सभामुख पेलेर – बाँकी पृष्ठ २ मा



> संसदीय व्यवस्थामा एक जनाले उठेर विरोध गरेपनि अवरोध गरेको मान्ने गरिन्छ । तर, ९८ सिट सहितको संसदको सबैभन्दा ठुलो एवं प्रमुख प्रतिपक्ष दलले उठाएका कुरा बेवास्ता गरेर सभामुख पेलेर अघि बढे ।

मध्यान्ह
www.madhyanhadaily.com
३ असार २०७९, शुक्रबार
17 June 2022, Friday

# एसपीपीले पार्ने असरका विषयमा सरकारले ध्यान दिनुपर्नेमा सांसदको जोड

**काठमाडौं/मस–** सांसदहरुले रणनीतिक साझेदारी कार्यक्रम (एसपिपी)ले नेपालमा पर्ने असरका विषयमा सरकारले ध्यान दिनुपर्ने बताएका छन् । राष्ट्रियसभाको विशेष समयमा बोल्दै उनीहरुले नेपालमा अन्तर्राष्ट्रिय हस्तक्षेप हुन नदिन सरकार गम्भीर हुनुपर्नेमा जोड दिए । नेकपा (माओवादी केन्द्र)का सांसद नारायणकाजी श्रेष्ठले अहिले स्वाधिनताको विषयमा गम्भिर प्रश्न उठेको बताए । नेपालको घोषित परराष्ट्रनीतिमा सार्वभौमसत्ता, भौगोलिक अखण्डता, असङ्लग्ननीति र स्वतन्त्र परराष्ट्रनीति उल्लेख रहेको उनले बताए । सन्तुलित कुटनीतिमा विचलन आउँदा शक्ति राष्ट्रहरु कुनैले पक्षमा र अर्कोको विरोधमा प्रयोग गर्न खोजेको उनको भनाइ छ ।



अहिले एसपिपीका कारण राष्ट्रमाथि गम्भिर खतरा हुने सांसद श्रेष्ठले बताए । एमसीसीको चर्चा हुँदा नागरिकले यसलाई विकास परियोजना होइन हिन्द प्रशान्त रणनीति हो भनेको र आफ्नो पार्टीले पनि यथास्थितिमा स्वीकार नगरौं भनेको उनले बताए । पार्टीसमेतले सहभागीतामा एमसीसी व्याख्यासहित पास गर्ने भने पनि व्यवहारमा त्यो नदेखिएको उनको भनाइ छ ।

नेपाललाई केन्द्रमा राखेर कुनै देशप्रति 'प्रो' बन्न नहुने र राष्ट्रहित केन्द्रीत स्वतन्त्र परराष्ट्र नीति अबलम्वन गरिनु पर्नेमा सांसद श्रेष्ठको जोड छ । सन्तुलित कुटनीति अबलम्वन गर्नुपर्ने र निजी स्वार्थका लागि राष्ट्रिय हित तिलाञ्जली दिन नहुने उनको भनाइ छ । देश कसैको पक्षमा प्रयोग हुन दिन नहुने, छिमेकी नीति अवलम्बन गर्नुपर्ने र दुवै छिमेकीसँग समनिकटताका आधारमा सम्बन्ध राख्नुपर्नेमा उनको जोड छ ।

सांसद् तुलप्रसाद विश्वकर्माले एसपिपी अमेरिकाले यस अघि नेपालले स्वीकार गरिसकेको र अब सम्झौता गर्न नपर्ने दाबी गरेको तथा सेनाबाट सम्झौता नगरेको बताएकाले वास्तविकताबारे सरकारले सदनमा स्पष्ट गर्नुपर्ने बताए । सांसद जितेन्द्रनारायण देवले प्रधानमन्त्रीको अमेरिका भ्रमणले दुई देशको सम्बन्ध सुमधुर बनाउने विश्वास व्यक्त गए । सांसद् भैरवसुन्दर श्रेष्ठले प्रधानमन्त्री र प्रधानसेनापति अमेरिका जाँदा सम्झौतामा हस्ताक्षर हुँदैछ भनेर जनस्तरमा आक्रोस र चिन्ता रहेको बताए ।

नेपाली कांग्रेसकी सांसद दुर्गा गुरुङले रुस र युक्रेनको युद्धका कारण अन्तरराष्ट्रिय रुपमा मलको अभाव रहेकाले यस वर्ष अझै बढी समस्या हुने देखिएको बताए । सांसद देवेन्द्र दाहालले समाजवादको कुरा संविधानमा उल्लेख भए पनि सरकारले ल्याएको बजेट, नीति तथा कार्यक्रमको आधार विन्दु समाजवादको नभएको उल्लेख गरे ।

सांसद् जयन्तीदेवी राई र बिमला राई पौडेलले महोत्तरीकी पीडित युवती न्याय माग्दै काठमाडौंमा भएकाले सरकारले उनलाई बचाउनुपर्ने र अपराधीलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिए । सांसद् सिंहबहादुर विश्वकर्माले कृषिजन्य उत्पादन बढाउने सरकारको लक्ष्य भए पनि नागरिकले समयमा मल नपाउँदा अपेक्षित लक्ष्य हासिल हुन नसक्ने बताए ।

# दुईमन्त्रीलाई थप कार्यभार

**काठमाडौं/मस–** प्रधानमन्त्री शेरबहादुर देउवाले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेललाई थप दुई मन्त्रालयको र परराष्ट्रमन्त्री नारायण खड्कालाई थप एक मन्त्रालयको कार्यभार तोकेका छन् ।

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले प्रधानमन्त्री तथा मन्त्रिपरिपद् कार्यालयबाट कार्यभार तोकिएका बारेमा प्राप्त पत्रको व्यहोरा सदनलाई जानकारी गराए ।

तीन मन्त्री फरकफरक कार्यक्रममा सहभागी हुन विदेश प्रस्थान गरेकाले उनीहरुको अनुपस्थितिमा प्रधानमन्त्री देउवाले कार्यभार तोकेका हुन् । भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठ युरोप भ्रमणमा गएकाले उनको अनुपस्थितिमा मन्त्रालयको कार्यभार शिक्षामन्त्री पौडेललाई तोकिएको हो । त्यस्तै प्रधानमन्त्रीले यूवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराज रसियामा आयोजना हुने कार्यक्रममा सहभागी हुन त्यसतर्फ प्रस्थान गरेकाले उनले सम्हाल्दै आएको जिम्मेवारी पनि मन्त्री पौडेललाई तोकेका हुन् ।

त्यस्तै प्रधानमन्त्री देउवाले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू स्वीट्जरल्याडको जेनेभामा आयोजना हुने विश्व व्यापार संघको कार्यक्रममा सहभागी हुन त्यसतर्फ प्रस्थान गरेकाले उनले सम्हाल्दै आएको मन्त्रालयको जिम्मेवारी परराष्ट्रमन्त्री नारायण खड्कालाई तोकेका हुन् ।

# नराकोटमा मालपोत र नापी कार्यालय

**खलङ्गा/मस–** जुम्लाको सिँजा क्षेत्रमा पर्ने तीन स्थानीय तहका नागरिकको सहजताका लागि सिँजा गाउँपालिकाको नराकोटमा मालपोत र नापी कार्यालय स्थापना हुने भएको छ । हिमा, कनकासुन्दरी र सिँजा गाउँपालिकालाई समेट्न सो कार्यालय स्थापना गर्नका लागि पहल भइरहेको थियो । ती गाउँपालिकाका सेवाग्राहीलाई सेवा लिन जिल्ला सदरमुकाममा जानुपर्ने अवस्था रहेको थियो । नराकोटमा मालपोत कार्यालय स्थापना गर्न निर्णय गरिएको सिँजा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी विजयाकुमारी प्रसाईंले सिँजाको नराकोट सुरक्षाको दृष्टिकोणले समेत ठिक भएको र नागरिकको लामो समयदेखि माग भएको बताए । कनकासुन्दरी गाउँपालिका अध्यक्ष दामोदर आचार्यले नराकोटमा ठिक भए पनि हरेक पालिकामा मालपोत र नापी सेवा आवश्यक रहेको बताए । जिल्ला समन्वय समितिका संयोजक गौरीनन्द आचार्यले पदवहाली भएकै दिन जिल्लाका लागि सिँजामा मालमोत कार्यालयका लागि निर्णय गर्न पाउँदा खुसी लागेको बताए ।

# बाढीपहिराले ७५ घर क्षति

**धादिङ/मस–** तीन दिनदेखि लगातार परेको वर्षासँगै आएको बाढी पहिरोबाट त्रिपुरासुन्दरी र गङ्गाजमुना गाउँपालिकाको विभिन्न स्थानका ७५ घरपरिवार विस्थापित भएका छन् । गङ्गाजमुना -६ बसेरीमा वर्षाका कारण २४ घर विस्थापित भएको छ । उनीहरूले गएरातिदेखि घर छाडेर अन्यत्र गएका छन् ।

जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार गङ्गाजमुना -६ बुढाथुममा १४, गङ्गाजमुना -५ फूलखर्कमा १४ घर, वडा नं २ रिमा १३ घर विस्थापित जनाइएको छ । विस्थापितका लागि त्रिपाल तथा टेन्टसमेत गाउँमा पुग्न नससकेको गाउँवासीले बताएका छन् । गङ्गाजमुना गाउँपालिका अध्यक्ष भक्त लामाले विपद् परेर विस्थापित भएकाहरूको संख्या धेरै रहेको जानकारी दिए ।

## एसपीपीबारे..

चाहना रहेको प्रकोप प्रतिकार्य तयारी तथा व्यवस्थापन, वायुसेवा पूर्वाधार व्यवस्थापन र सुरक्षा आदानप्रदान र संवेदनशील पूर्वाधार विकासका साथै नेपाली सेनाका अधिकारीहरुको व्यावसायिकरण र विकासमा सहयोग पुग्ने भनिएको छ । नेपाली सेना यस कार्यक्रमका लागि तत्पर रहेको हुँदा नेपालस्थित अमेरिकी दूतावासलाई उच्च प्राथमिकता दिन आग्रह गरिएको उक्त पत्र सार्वजनिक भएको हो ।

## सञ्जालदेखि...

मन्त्रीले जवाफ दिनुपर्छ' उनले भने । नेपाली कांग्रेसका नेता रमेश लेखकले पनि एसपीपीको सत्य तथ्यबाहिर ल्याउनुपर्ने बताएका छन् । 'हिजोमात्रै अमेरिकीदूतावासले सन् २०१५ र २०१७ मा नेपालले आग्रह गरेको र सन् २०१९ मा स्वीकृत भएको भन्ने कुरा बाहिर ल्याएको छ । अहिलेको सरकारले छानबिन गर्नुपर्छ । २०१९ मा स्वीकार भएको हो भने के-के पत्राचार भएको थियो ? यो कुरा सार्वजनिकगर्नुपर्छ', उनले भने ।

तर, नेकपा एमालेका सांसद ईश्वर पोखेलले भने एसपीपी ओली सरकारको पालामा भएको भन्नु खेद जनक भएको बताएका छन् । 'एमालेप्रति संकेत गर्दै जुनआक्षेप लगाउनुभएको छ, म निन्दा गर्न चाहान्छु । भत्सर्ना गर्न चाहन्छु र चुनौतीका साथभन्न चाहन्छु । म केपी ओलीले नेतृत्व गरेको सरकारमा उपप्रधान तथा रक्षामन्त्री थिएँ । यस विषयमा म पूर्ण जिम्मेवारीका साथ भन्न चाहन्छु' पोखरेलले भने, 'यदि त्यस बेला कुनै पनि सकारात्मक कुरा, त्यसका केही लिखतहरू, वक्तव्यहरू, माइन्युटहरु छन् भने यो संसद समक्षप्रश्तुत गरियोस् । त्यसको पूर्ण जवाफदेही लिन हामी तयार छौं ।'

राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेल एसपीपीबारे अमेरिकी दूतावासको विज्ञप्तिले भ्रम सिर्जना गरेको बताएकी छिन् । 'अमेरिकी दूतावासले हिजो पत्रकार सम्मेलनमा जारी गरेको विज्ञप्तीबाट एसपीपीबारे नयाँ भ्रम र विवाद उत्पन्न भएको छ' उनले भनिन् । एसपीपीले नेपालमा गम्भीर खतरा उत्पन्न गर्ने संकेत गर्दै अस्वीकार गर्नुपर्नेमा उहाँको जोड छ ।

## वैदेशिक...

आर्थिक वर्ष (२०७९/०८० देखि ०८३/०८४) मा सम्पादन हुने विभिन्न क्रियाकलाप समेटेर मन्त्रालयले तयार गरेको पाँच वर्षे रणनीतिक योजनामा पनि हामीले सामाजिक सुरक्षा कोषको विस्तारलाई प्राथमिकतामा राखिएको मन्त्री श्रेष्ठले बताए । २०७५ मंसिर ११ गते योगदानमा आधारित सामाजिक सुरक्षाको शुरुवात भएदेखि निजी संगठित क्षेत्रका करिब ३ लाख ४० हजार श्रमिक र १७ हजार रोजगारदाता आवद्ध भएका छन् ।

## प्रदेशका...

गरिएको बागमतीका आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्कट्टेलले जानकारी दिए। यस कार्यक्रमअन्तर्गत उद्योगसँग सहकार्य गरी कार्यस्थलमा नै प्रशिक्षण दिई सोही उद्योग तथा व्यावसायिक प्रतिष्ठानमा रोजगारी दिने व्यवस्था मिलाइ बजेट वक्तव्यमा उल्लेख छ।

वैदेशिक रोजगारीबाट फर्केका तथा हरेक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवालाई लक्षित गरी उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी स्वरोजगार बनाइने, वैदेशिक रोजगारीमा जाने युवालाई आवासीय, आवधिक, सघन सीपमूलक र गन्तव्य मुलुकमा माग हुने तालिम र सीप परीक्षण तथा प्रमाणीकरण गर्न प्राविधिक शिक्षा तथा व्यावसाययिक परिषद्सँग सहकार्य गरिने बजेटमा उल्लेख छ।

स्वरोजगार, औपचारिक तथा अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्दै लैजान संघीय सरकार र सामाजिक सुरक्षा कोषसँग सहकार्य गरिने, संघीय सरकारसँगको सहकार्यमा प्रदेश सरकारअन्तर्गत कार्यरत अस्थायी ज्यालादारी र करारमा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराइने तथा श्रमिकको पञ्जीकरण गर्ने व्यवस्था मिलाउन बजेट विनियोजन गरिएको छ ।

आगामी आर्थिक वर्षमा प्रदेश श्रम तथा रोजगार नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने, श्रमिकहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य मापदण्डको अवलम्बन गरी कार्यस्थललाई सुरक्षित बनाउन नियमानकारी भूमिका बढाइने उल्लेख छ । श्रम, रोजगार तथा यातायात मन्त्रालयमा श्रमिकको हकहितको संरक्षण र संवर्द्धनका लागि श्रमिक 'हेल्प डेस्क' सञ्चालनमा ल्याउने र श्रमको सम्मान गर्ने संस्कृतिका विकास गरिने बजेटमा समावेश छ । बागमती प्रदेश सरकारले श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालयका लागि ९७ करोड २४ लाख बजेट विनियोजन गरेको छ । प्रदेश नं १ सरकारले स्वरोजगार अभिवृद्धिका लागि व्यूटीसियन, सिकर्मी, डकर्मी, हजाम, इलेक्ट्रिसियन, प्लम्बिङ एवं अन्य सीपयुक्त प्राविधिक उत्पादन गर्न तालिम कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छ । प्रदेश सरकारको बजेट प्रस्तुत गर्दै आन्तरिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बोले आगामी वर्ष रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिने बताए । प्रदेश सरकारले रोजगार नीति निर्माणसमेत गर्ने भएको छ।

श्रमिक र रोजगारादताबीच सहजीकरण गर्न प्रदेश श्रम सल्लाहकार परिषद्लाई थप क्रियाशील बनाइने, श्रमिकको सामाजिक सुरक्षा र सामाजिक संवादसम्बन्धी प्रादेशिक नीति एवं कानुन निर्माणका लागि बजेट व्यवस्था गरिएको छ । प्रदेश १ सरकारले उद्योग, वाणिज्य, श्रम तथा रोजगार क्षेत्रका लागि रु ४६ करोड ८८ लाख विनियोजन गरेको छ ।

लुम्बिनी प्रदेश सरकारले 'बेरोजगारलाई रोजगारः साथमा छ प्रदेश सरकार' भन्ने नीतिअनुरुप श्रम बजारमा रोजगारीको अवसर तथा सम्भावनाको अध्ययन गरी बेरोजगार युवाशक्ति, लक्षित वर्ग र द्वन्द्व प्रभावित परिवारलाई माग र आवश्यकताका आधारित सीपमूलक तालिम र वस्तुगत सहयोग कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

सो कार्यक्रमका लागि तीन करोड ४८ लाख विनियोजन गरिएको लुम्बिनीका आर्थिक मामिला तथा सहकारी मन्त्री कृष्णध्वज खड्काले जानकारी दिए। गुणस्तरीय तालिम सञ्चालन गर्न प्यूठानमा ल्याबसहितको 'सीप प्रतिष्ठान' स्थापना गर्न एक करोड विनियोजन गरिएको छ । वैदेशिक रोजगारीमा जाने युवालाई तालिम तथा सीपविकास कार्यक्रम सञ्चालन, वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप परीक्षण गरी सीपसँग सम्बन्धित पेशा व्यवसायमा आबद्ध गराउन आवश्यक व्यवस्था मिलाइने छ । प्राविधिक शिक्षालयसँग सहकार्य गरी कोभिड-१९ महामारीका कारण रोजगारी गुमाएका युवाको सीप स्तरोन्नति तालिम तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिने, 'गर र सिक' कार्यक्रमअन्तर्गत सीप सिक्न चाहने व्यक्तिका लागि निजी क्षेत्रको सहकार्यमा औद्यौगिक तथा व्यावसायिकस्थलमा गई काम गरेर सिक्नका लागि प्रोत्साहन गर्न बजेट विनियोजन गरिएको छ । बालश्रम निषेध गर्न उद्योग, कलकारखाना तथा व्यवसायको नियमित अनुगमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

मधेस सरसकारले उद्योगलाई चाहिने जनशक्ति उत्पादन गर्न निजी, गैरसरकारी संस्था, स्थानीय तहको समेत सहभागितामा मुख्यमन्त्री सीप प्रवर्द्धन तथा रोजगार कार्यक्रममा रु २५ करोड विनियोजन गरिएको अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले जानकारी दिए। कर्णाली प्रदेश सरकारले श्रम तथा रोजगार सचेतना तथा प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, बालश्रमिक निषेध प्रदेश निर्माणका लागि अभियानमूलक सचेतना कार्यक्रम सञ्चालन गर्ने भएको छ।

आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै आर्थिक मामिला तथा योजनामन्त्री विन्दमान विष्टले वैदेशिक रोजगारबाट फर्केका तथा स्वदेशभित्र रोजगारीबाट बञ्चित युवाको सीप, प्रविधि र जाँगरलाई सिर्जनशील उद्यमीमार्फत स्वरोजगार बनाउने कार्यक्रम सञ्चालन गरिने बताए ।

गण्डकी प्रदेश सरकारले व्यावसायिक उत्पादन तथा रोजगारी अभिवृद्धिका लागि युवामा उद्यमशील सोचको विकास गराइ स्थानीय श्रम, पूँजी र प्रविधिजस्ता कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न उद्यमशीलता विकास, सीपमूलक तालिम र स्टार्टअप व्यवसायलाई प्रोत्साह गर्ने कार्यक्रम सञ्चालन गर्ने भएको छ। गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बरालले आगामी आवको बजेट पेश गर्दै परम्परागत सीप र प्रविधिमा आधारित घरेलु तथा साना उद्योग व्यवसायलाई आधुनिकीकरण गरी व्यावसायिक क्षमता वृद्धि गर्न उपयुक्त प्रविधि हस्तान्तरणको कार्यक्रमलाई निरन्तरता दिइएको बताए ।

सुदूरपश्चिम प्रदेश सरकारले 'सीप सिकौं, उद्यमशील बनौं' सफल बनाउन गुणस्तरीय बुहसीपयुक्त मानव संशाधनको विकास गरी रोजगार र स्वरोजगारका सम्भावना अभिवृद्धि गर्न महिला, दलित, जनजाति र पिछडिएका समूहलाई विषेश लक्षित गरी विभिन्न प्रकारका व्यावसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने घोषणा गरेको छ। सो कार्यक्रमका लागि चार करोड १५ लाख विनियोजन गरिएको आर्थिक मामिलामन्त्री प्रकाश रावलले जानकारी दिए । कार्यस्थलमा कामदारको सुरक्षा, स्वास्थ्यसम्बन्धी परामर्श, उद्यमशीलताको विकास, उत्कृष्ट श्रमिक उद्यमी पहिचान र पुरस्कृत गर्ने कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ।

## सभामुखमाथि....

अघि बढे । एमाले सांसदहरुले सदन छाडेर हिड्दा पनि काम कारबाही अघि बढाए । यसलाई सभामुखको योग्यतामाथीको प्रश्न रुपमा लिन्छन् संसदीय मामिलाका जानकारहरु । प्रतिपक्षी विहिन संसद चिनियाँ शासन पद्धतिमा मात्रै सम्भव हुने भन्दै कतिपयले लोकतान्त्रिक प्रणालीमा प्रतिपक्षी विहिन संसद नहुने भनी सभामुखमाथि प्रश्न उठाएका छन्।

संसदको गरिमा र मर्यादा कायम गराउने सवालमा सबैभन्दा बढी भूमिका सभामुखकै हुन्छ। तर निरन्तर रुपमा सभामुख अग्निप्रसाद सापकोटा यस विषयमा असफल हुँदै आएका आरोप लगाउनेहरु पनि छन् । समन्वयमा अघि बढ्नुपर्ने भूमिकालाई सभामुखले दलको छायाँभन्दा पर जान दिन नसकेको आरोप खेप्दै आएका छन् । पद पाउनु र त्यसको गरिमा कायम राख्नु फरक कुरा भएको भनी उनीमाथि प्रश्न उठाइएको छ ।

प्रश्न उठे जस्तै सभामुखले बिहीबार प्रमुख विपक्षी दलको उपस्थिति बेगर विनियोजन विधेयक पारित गराए ।

एमाले सांसदले बैठक छाडेर हिँडे पनि सभामुख सापकोटाले अर्थमन्त्री शर्मालाई विनियोजन विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न दिए। त्यसपछि एमालेको बहिष्कारबीच संसदबाट विनियोजन विधेयक बहुमतले पारित भयो ।

विनियोजन विधेयक पारित भएपछि सभामुखले अर्थमन्त्री शर्मालाई आर्थिक विधेयक पेश गर्न समय दिए। आर्थिक विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथि सत्तारुढ गठबन्धनका सांसदहरुले भाग लिए । आर्थिक विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पनि बहुमतले पारित भयो । त्यसपछि सभामुखले यो विधेयकमाथि असार ६ गते दफाबार छलफल हुने समय तोके ।

सभामुख सापकोटाले अर्थमन्त्री शर्मालाई राष्ट्र ऋण उठाउने विधेयक र ऋण तथा जमानत २५ औं संशोधन विधेयक प्रस्तुत गर्न समय दिए । दुबै विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथि छलफल गरेर सदनले विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत गऱ्यो ।


## दुल्लु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**दुल्लु, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७९/०२/३०)**

यस नगर कार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत कार्यक्रमअनुसार देहायमा उल्लेखित झोलुंगे पुलहरुको स्टिल पार्टस खरिद कार्य दरभाउपत्रका माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त ईच्छुक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पुर्वाधार विकासमा सुचिकृत भएका व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउ पत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३१ दिन भित्र नवीकरण भएको ईजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०७७।७८ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउ पत्रदाताले E-Bidding System बाट खरिद गर्न सकिने छ ।
२. इच्छुक दरभाउ पत्रदाताले ३१ औं दिनको १२.०० बजे भित्र OnLine System मा समिट गरी सक्नु पर्नेछ । समिट भएका दरभाउपत्रहरु सोहीदिनको २ : ०० बजे यस कार्यालयमा खोलिने छन् । दरभाउपत्र खरीदगर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनहुनेछ ।
३. दरभाउपत्रका साथ जमानत बापतको तपसिल बमोजिमको रकम यस कार्यालयको वाणीज्य वैंक,दुल्लु दैलेख स्थित स्थानीय निकाय धरौटि खाता नं. ४३४०१००३०३०००००२ र राजव खाता नं.४३४०१००३०१०१०००२ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको बैंक जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।
४. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारबाही हुने छैन ।
५. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली २०६४ र अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।
६. यस नगरपालिकाको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

| ठेक्कानम्बर | कामको विवरण (स्टिलपार्टस खरिद) | लागतअनुमान (मू.अ. कर बाहेक) | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| Goods/NCB/15/ 2078/079/080 | बान्द्रे झोलुङ्गे पुल | १४७०९९०। | ६००००। | १०००। | आ.व. २०७८।०७९-२०७९।०८० |
| Goods/NCB/16/ 2078/079/080 | कानेखर्क (काउलेखोला) झोलुङ्गे पुल | १४८१६६०। | ६००००। | १०००। | आ.व. २०७८।०७९-२०७९।०८० |

**प्रमुख प्रशासकीय अधिकृत**

# मंकीपक्सका शंकास्पद बिरामी भेटिए




**काठमाडौं / मस–** नेपालमा एक जनालाई मंकीपक्सको आशंका गरिएको छ । दुबईबाट नेपाल आएका २६ वर्षीय पुरुषलाई मंकीपक्सका आशंका गरिएको छ । अहिले उनको टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचार भइरहेको छ ।

अस्पतालका निर्देशक डा. मनिषा रावलले अहिले ती बिरामीलाई भर्ना गरेर उपचार गरिरहेको बताइन् । त्रिभुवन अन्तर राष्ट्रिय विमानस्थलको स्वास्थ्य सहायता कक्षले मंकीपक्सको आशंकामा टेकु अस्पतालमा पठाएको थियो ।

उनका अनुसार ती बिरामीलई मंकीपक्सको जस्तो लक्षण उच्च ज्वरो, शरीरमा फोका आउने जस्ता समस्या रहेको बताए । 'हामीले आइसोलेट गरेर ती व्यक्तिलाई उपचार गराइरहेका छौं', उनले भनिन्, 'रिपोर्ट आएपछि मंकीपक्स हो होइन थाहा हुन्छ ।' बिरामी दुबई हुँदै नेपाल आएका हुन् । उनी दुबईमा वैदेशिक रोजगारका लागि गएका थिए ।

# हैजाका बिरामी भेटिए

**काठमाडौं / मस–** काठमाडौंमा हैजाका बिरामी भेटिएका छन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचारमा आएका दुई जना बिरामीमा हैजाको संक्रमण पुष्टि भएको हो । अस्पतालका सूचना अधिकारी नवराज गौतमले काठमाडौं मोडल अस्पतालबाट दुई शंकापद केस आएको बताए । एन्टिजेन परीक्षणमा भिब्रिओ कोलरी नाम गरेको ब्याक्टेरिया भेटिएको उनले बताए । हैजा पुष्टि भएको र लक्षण देखिएका दुबै जनालाई झाडापखाला भएको उनले बताए । बिरामीलाई आकस्मिक कक्षमा राखेर उपचार भइरहेको अस्पतालले जनाएको छ । उनीहरुलाई अन्तरंग वार्डमा सारेर उपचार गर्ने तयारी छ ।

# ५१ किलो हेरोइनसहित ७ विदेशी पक्राउ



**काठमाडौं / मस–** नेपाल प्रहरीले लागूऔषधसहित सात विदेशीलाई पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्युरोले बिहीबार पत्रकार सम्मेलन गरी ५१ किलोग्राम लागूऔषधि हेरोइनसहित सात विदेशी नागरिकलाई सार्वजनिक गरेको हो ।

ब्युरोका प्रमुख तथा प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठले पहिलो पटक ठूलो मात्रामा लागूऔषध हिरोइनसहित सात दक्षिण अफ्रिकन महिलालाई ठमेलको विभिन्न होटेलबाट पक्राउ गरिएको जानकारी दिए । यसअघि प्रहरीले २०७९ वैशाख ३ गते ७ किलोग्राम लागूऔषध पक्राउ गरेको थियो । उनले पक्राउ पर्नेमा २९ वर्षीया सिबिसी थानडेकिल, ४६ वर्षीया मुरियल क्वेडुकवाजी थेम्बेनी साम्बा, ३९ वर्षीया साबालाला खान्यीसिल भ्योन्नी, ३६ वर्षीया रोशिना ननक्वेल जान्तिय, २९ वर्षीया मालान्को मौरिन माथिबा, ३७ वर्षीया मोरोसी सुजन कोफु र ३० वर्षीया मार्लिज बाडेनहर्सट भएको जानकारी दिए । सिबिसी थानडेकिल र मुरियल क्वेडुकवाजी थेम्बेनी साम्बाबाट १६ किलो, साबालाला खान्यीसिल भ्योन्नीबाट आठ किलो, रोशिना ननक्वेल जान्तियबाट आठ किलो, मालान्को माउरिन माथिबाबाट सात किलो हिरोइन बरामद गरिएको छ ।

मोरोसी सुजन कोफुबाट चार किलो सेतो हिरोइन र दुई किलो खैरो हिरोइन तथा मार्लिज बाडेनहर्सटबाट छ किलो सेतो हिरोइन पक्राउ गरिएको छ । पक्राउ गरिएकामध्ये मोरोसी सुजन कोफु कतार एयरलाइन्सबाट दोहा हुँदै काठमाडौं आएको र अन्य छ भने दुबई एयरलाइन्सबाट दुबई हुँदै काठमाडौं आएका हुन् । उनीहरुले लागूऔषध हिरोइन भारत लैजानका लागि नेपाल ल्याएको प्रहरी उपरीक्षक श्रेष्ठले बताए । 'नेपाल यस्तो प्रकारको हिरोइनको प्रयोगकर्ता खासै छैनन्', उनले भने, 'हाम्रो प्रारम्भिक अनुसन्धानले भारतका लागि हिरोइन लैजानका लागि उनीहरुले काठमाडौं ल्याएका हुन् ।'

हिरोइनका तस्कर गर्ने समूहलाई नेपालमा नै बेच्ने उनीहरुको योजना रहेको उनले बताए । 'किन्न आउने मान्छेसँग सुटकेश तथा झोला साटासाट गर्ने विगतको अभ्यास देखिएको छ', उनले भने, 'अहिले पनि त्यस्तो सुटकेश तथा झोला साटासाट गर्ने योजना रहेको थियो ।' ती हिरोइनको नेपाली मूल्य एक अर्ब दुई करोड रहेको छ । सात जनामध्ये ४६ वर्षीया मुरियल तीन पटक नेपाल आएको उनले जानकारी दिए । उनले ती सात जनालाई छुट्टाछुट्टै होटलबाट पक्राउ गरिएको बताए ।

फरक फरक व्यक्तिको लागूऔषध लिएर ती महिला नेपाल आएका थिए । पक्राउ परेकामध्ये सिबिसी थानडेकिल र मुरियल क्वेडुकवाजी थेम्बेनी साम्बा दुई जनासँग आएकोले मात्र चिनजान रहेको तथा अन्य फरकफरक मितिमा नेपाल आएकाले एक अर्कालाई नचिन्ने गरेको उनले बताए । मालान्को मौरिन माथिबा भने केही मानिससँग सुकुटे पुगेको उनले बताए । ती महिलासँग नेपाली पैसा र सिम प्रयोग गरेकोसमेत पाइएको अनुसन्धानमा देखिएको छ । ती नागरिकलाई अहिले लागूऔषध (नियन्त्रण) ऐन २०३३ अनुसार काठमाडौं जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

# १०० रुपैयाँमा मृगौला परीक्षण



काठमाडौं / मस- नेपाल ल्याब हाउसले १०० रुपैयाँमा मृगौला परीक्षण शुरु गरेको छ । 'मृगौला जचाऔं, मृगौला बचाऔं' नाराका साथ गत आइतबारबाट शुरु भएको अभियानको नेपाली कांग्रेसका नेता भीमसेनदास प्रधानले शुभारम्भ गरेका थिए । अभियानभर युरोलोजिक्ट डाक्टर किरण जंग कुँवरले मृगौला परीक्षण गर्ने आयोजकले जनाएको छ ।

# पुलबाट खसेर मृत्यु

**बैतडी / मस–** काठेपुलबाट सेती नदीमा खसेर एक किशारीको मृत्यु भएको छ । मृत्यु हुनेमा डोटीको आर्दश गाउँपालिका-६ गिरीचौकाकी १७ वर्षीया ढुल्लु अधिकारी रहेकी छन् । उनको सिगास गाउँपालिका-७ साङडा आउने क्रममा सेती नदीको पुलबाट खसेर मृत्यु भएको हो ।

अधिकारी रोपाइँका लागि सिगास-७ सङडा आउँदै गर्दा सेती नदीमा बनाइएको अस्थायी काठेपुलबाट लडेकी स्थानीय पदम खडायतले जानकारी दिए । सो स्थानमा रहेको झोलुङगे पुल गत कात्तिकमा भएको अविरल वर्षासँगै आएको बाढीले पुल बगाएपछि अस्थायी काठेपुल बनाइएको थियो । बाढीले बगाएको झोलुङ्गे पुल पुनःनिर्माण नहुँदा डोटी र बैतडीका सीमा क्षेत्रका नागरिक हाल अस्थायी पुलबाटै आवतजावत गर्न बाध्य छन् ।


**Karnali Provincial Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Dailekh, Nepal**

### Letter of Intent

**Date of Publication: 2079/03/03 (17 June 2022)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bids under PPMO's E-Procurement portal, **IFB No: 03-2078/079** published in Madhyanh Rastriya Dainik Patrika on **2078/12/21 (4th April 2022)** that the "***Letter of Intent"*** has been issued in favor of following bidders who are substantially responsive lowest evaluated bidders fulfilling all the Qualification Criteria.

| S. N. | Contract ID. Number | Name of the Projects | Substantially Responsive Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | IDO/DAILEKH/W/NCB-BU-02-078/079 | Infrastructure Construction work in Tourism Spot Mahabu Dham | **R.U.- Jyang Chup –Green Tara J/V , Ichangu , Kathmandu** | **1,96,75,273.06** |
| 2 | IDO/DAILEKH/W/NCB/38/078/079 | Construction Of Mid – Hill Highway Bhirkhet – Gitachaur – Kasikadh – Kalikot Link Road Bhairabi/Mahabu Rural Municipality , Dailekh | **Majdur Construction Pvt. Ltd. Birendranagar , Surkhet** | **2,14,47,165.75** |

**Acting Office Chief**



**Godawari Municipality**
**Office of the Godawari Municipal Executive**
**Bajrabarahi, Lalitpur**

### Invitation for Bids(IFB)

**Date of publication:- 2079/03/03 BS. (2022/06/17AD.)**

1. The Godawari Municipality has allocated funds towards the cost of the Following projects Specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of the Godawari Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only from eligible bidders for the Construction of the Following projects under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.

| S. N | Contract Identification No. | Name of Project | Estimate Amounts Nrs. (Without VAT ) | Cost of Bidding Docu-ment NRs | Bid Security NRs | Date and Time of Pre-bid Meeting | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Re-marks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Godawari Munic./ Bajrabarahi, Lalitpur/W/ RBN/NCB/ 09/078/79 | Godawari Ward road -12 Bathagal to Thecho health-post-Road. | 61,55,957.95/- | 3,000/- | 1,74,000/- | 2079/03/24 BS. (2022/07/08AD) Time: 13:00 noon | 2079/04/01 BS. (2022/07/17AD) Time: 12:00 noon | 2079/04/01 BS. (2022/07/17AD) Time: 13:00 noon | |

3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Godawari Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- www.bolpatra.gov.np/egp/
6. For more details information about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
7. Other mandatory information as per PPA and PPR.

**Chief Administrative Officer**



## जहदा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**मझारे, मोरङ्ग**
**प्रदेश नं १, नेपाल**

### ठेक्का स्विकृत गर्ने सम्बन्धि आसयको सूचना

**प्रकाशित मितिः २०७९/०३/०३ गते**

उपरोक्त सम्बन्धमा यस कार्यालयको मिति २०७९।०१।१२ को सूचना बमोजिम ई बिड मार्फत प्राप्त हुन आएका देहाय बमोजिमका वोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम स्विकृतको लागि छनौट गरिएको यस कार्यालयको मिति २०७९।०३।०२ गते निर्णय भएकोले सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.न | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कामको विवरण | कवोल अंक मु अ कर तथा पिएस बाहेक |
|---|---|---|---|---|
| 1 | JRM/BUILDING/ NCB/078/079/14 | Khushbu Nirman Sewa Pvt.Ltd., Biratnagar | Construction of 15 Bedded Hospital at Jahada | १४,६९,३९,०६८.७५ चौध करोड उनन्सत्तरी लाख उन्चालिस हजार अडसट्ठि र पैसा पचहत्तर मात्र |

**प्रमुख प्रशासकिय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
३ असार २०७९, शुक्रबार
17 June 2022, Friday
www.madhyanhadaily.com

## सम्पादकीय

# संसदबाट नभाग

नेपालमा संसदीय व्यवस्थाको प्रभावकारिताबारे उठ्ने प्रश्न नौलो होइन । राणा शासनको अन्त्य पछि लगातार संसदीय अभ्यासबारे बहस भइरहेको छ । पञ्चायतको थालनि पनि राजा महेन्द्रले संसदीय व्यवस्थाकै विरूद्धमा अगाडि बढाएका थिए । तर पञ्चायत ३० भन्दा वर्ष भन्दा बढी टिक्न सकेन । ०४६ सालको जनआन्दोलनले फेरि संसदीय व्यवस्था पुनर्स्थापना गऱ्यो । तर फेरि २०५२ सालमा नेकपा माओवादीले संसदीय व्यवस्थाविरूद्ध सशस्त्र विद्रोह थाल्यो । माओवादी विद्रोहकै अवधिमा राजा ज्ञानेन्द्रले फेरि संसदीय व्यवस्थाविरूद्ध धावा बोले, कू गरे । ०६२/०६३ को जनआन्दोलनले भने राजतन्त्रकै अन्त्य मात्रै गरेन, माओवादीको सशस्त्र विद्रोहको शान्तिपूर्ण अवतरण समेत भयो ।

०७२ को संविधानले संसदीय व्यवस्थालाई परिमार्जन गरेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र अपनाएर जनादेशबाहेक अर्को कुनैपनि शक्तिबाट संसदलाई चलाउन सक्ने व्यवस्था संविधानले गरेको छैन । तर प्रधानमन्त्रीको हैसियतमा केपी शर्मा ओलीले दुई पटक प्रतिनिधिसभा विघटनको निर्णय गरे । त्यसविरूद्ध चौतर्फी दबाव सिर्जना भयो, सर्वोच्च अदालतले दुवैपटक प्रतिनिधिसभा पुनर्स्थापना गऱ्यो । पुनर्स्थापित प्रतिनिधिसभामा पाँच दलीय गठबन्धनको बहुमतमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री छन् । तर प्रधानमन्त्री देउवाले पनि संसदीय अभ्यासलाई प्रभावकारी बनाउने भन्दा पनि भाग्ने नीति अपनाएको देखिन्छ । अहिले संसदमा चलिरहेको बहसले पनि प्रधानमन्त्री देउवा संसदप्रति जिम्मेवार बन्न नसकेको पुष्टि हुन्छ ।

सांसदहरूले दैनिक जनजीवनका समस्या मात्रै नभएर मुलुकको सार्वभौमतासँग जोडिएका विषयमाथि प्रधानमन्त्री देउवाको जवाफ मागिरहेका छन् । विशेषगरी कुटनैतिक सम्बन्ध र पछिल्लो अन्तरराष्ट्रिय परिस्थितिबारे प्रधानमन्त्री देउवाले संसदलाई जवाफ दिन जाँगर चलाएको देखिदैन । परराष्ट्र नीति, कुटनीति र छिमेक नीतिसँग सम्बन्धित भएर सांसदहरूले प्रधानमन्त्री देउवाको जवाफ मागिरहेका छन् । अमेरिकी सैन्य रणनीति अन्तर्गतको स्टेट पाटनरसीप प्रोग्रामबारे सांसदहरूले लगभग मिल्दो प्रश्न गरिरहेका छन् । बजेट निर्माणकै क्रममा पनि अर्थमन्त्री जनार्दन शर्माको चर्को आलोचना भइरहेको छ । राज्य प्रणालीले नचिन्ने व्यक्तिलाई दर निर्धारण कार्यमा संलग्न गराएको सूचना बाहिरिएपछि विपक्षी दल नेकपा एमालेले अर्थमन्त्री शर्माको राजीनामा नै मागेको छ । तर प्रधानमन्त्री देउवाले भने आफ्नो तर्फबाट गृहमन्त्री बालकृष्ण खाँणलाई जवाफ दिन भनेपछि बिहीबारको संसद बैठकको दृष्य नै फरक देखिएको थियो । तर प्रधानमन्त्री देउवा भने संसदमा उभिएर सांसदहरूले उठाएको प्रश्न सम्बोधन गरिरहेका छैनन् । यसले फेरि पनि संसदीय अभ्यास, गरिमा र विश्वास कमजोर बनाउन बल पुगिरहेको छ । जबकी संविधानले संसदलाई सार्वभौम नेपाली जनताको प्रतिनिधिमुलुक संस्थाका रूपमा व्यवस्था गरेको छ । सरकार निर्माणको त जननी नै हो ।

# व्यवहारमा नदेखिएको लोकतन्त्र

*वास्तवमा देशले लोकतन्त्र देखेकै छैन । लोकतन्त्रको संविधानमा केवल लेख्ने मात्र काम हुन्न व्यवहारमा पनि लागु हुनुपर्छ । यहाँ शिक्षा, स्वास्थ्य, मानव अधिकार, रोजगारी, आवास, स्वच्छ वातावरण, भनौँ ३ दर्जन मौलिक हकको व्यवस्था छ तर, त्यसको कार्यान्वयन छैन । संविधान आफै बोल्दैन, बोलाउनेहरूले आफ्नो इच्छाअनुसार बोलाउँछन् ।*

**अग्रलेख**




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

देशको आर्थिक चक्र जटिल मोडमा घुम्दैछ, आपूर्ति प्रणाली चुँडिएको धागो जस्तो भएको छ भने नेपाली मन कुँडिएको छ । नेतृत्वले यो बुझ्न जरुरी छ कि यो ठट्टा होइन, हँसी मजाक पनि होइन, के सपना थियो, भइरहेको के छ अहिले र यसको गन्तव्य के हो, स्पष्ट छैन । भोट हालेर आएकै दिनदेखि मार हान्न थालिएको छ । चुनावपछि परिणाम नआउँदै उपभोक्ताको छातीमा लात हानिएको छ । देशकै अर्थतन्त्र हातमा लिएको आयल निगमले, इतिहासमै ग्याँस र अन्य इन्धनको भाउ बढाएर जनतालाई रुवाएको छ । तर, सरकार मख्ख छ यसमा, उसलाई नागरिकको अभिभावक हुनुमा गौरव छैन । जति इन्धनको भाउ बढ्छ सरकारी खातामा आउने पैसा, कर अन्य महसूल वृद्धि हुन्छ । भारतमा सरकारले सब्सिडी दियो, कर घटायो, तेलको भाउ घटाइयो, यहाँ उल्टो भयो बढ्यो, अरु बेला पनि बाहिर मूल्य घट्थ्यो यहाँ बढ्थ्यो ।

हरेक विषयमा यहाँ यस्तै भएको छ, लोकतन्त्र भनी जनतालाई भनियो, तर दिल्लीका केजरीवालले धारा र बत्तीमा उभोक्तालाई छुट दिए, पन्जावमा त्यही अनुसार दिने घोषणा गरिएको छ तर, यहाँ भने पहिलेको सरकारले यस वर्षको बजेटमा बोलेको थियो यस्तै, तर लागु भएन । धाराको मिटर बजारमा ७ सयमा पाइन्छ, बाहिरको राख्नु हुन्न केयुके एलकै चाहिन्छ, २५ सय पर्छ । धारामा पानी, मेलम्चीको सर्वत् जेठ १७ मै मुहान बन्द भयो, पानी आउँदा पनि व्यवस्थित वितरण भएन । आएको ठाउँमा आएको आयै भयो, ढलमा हाल्नु पऱ्यो, नआएको ठाउँमा आएन । वर्षा नलाग्दै काठमाडौँमा २/३ घण्टा पानी पर्दा बाटो हरायो । गाडी डुबानमा पऱ्यो । सडकको फोहोरको कुरा पुरानो भइसक्या छ । १७ वर्षपछि बन्चरे डाँडोमा फोहोर फाल्न तयार भएर गएका गाडीहरुमा पहिलो गाँसमा ढुँगा लाग्यो । प्रहरी र स्थानीयका बीच झडप नै भयो । राजनैतिक नेतृत्वले कुनै विषयमा स्थिरता र शुभ संकेत देखाउन सकेन र पछिल्लो समय जुर्मुराउँदै स्वतन्त्र उम्मेदवारहरुलाई सहर, पालिकाहरुको साँचो दिन मतदाताहरु आतुर भए । कति ठाउँमा दलहरुले नसोचेको परिणाम आएको छ । हलोलाई तुच्छ सम्झनेहरु कृषि प्रधान देशमा हलोको शपथ सहज छ भन्नेहरु धेरै भए, र कति दल प्रमुखहरुकै घर दैलो भनौँ उनीहरुले हालेको भोटमै ती अगाडि बढे । मात्रै होइन, नगर, र पालिकाहरुको साँचो पनि बुझिसकेका छन् ।

काठमाडौंले नयाँ नेतृत्व पाएको छ । यसै आवमा पनि आफू जाने बेलामा प्रमुखहरुले गरेको करोडौँको खर्च छरपष्ट बाहिर आएको छ । अनावश्यक भगिनी र भातृ संस्था भन्दै बोइङ्ग चढ्ने मेलो पनि पूर्वजहरुले गरे । आम जनता महँगीको मारमा छन्, हप्ता नबित्तै सरकारी संस्थाले गरेको मनपरी, निजी क्षेत्रले चुनाव लागेको बेला धेरै गरे मनपरी, रसिया युक्रेनको समस्या देखाउँदै बजारभाउको बिचल्ली, कहिले कोरोना, कहिले भूकम्प यी असह्य पीडाहरुका बीच कर्मकाण्डी रुपमा आएका नीति तथा कार्यक्रम, आर्थिक वर्षको बजेट, लगातारको चुनावले नागरिकहरु पिल्सिएका छन् । तिनको भोक, रोग र शोकको वर्णन गरिसक्नु छैन । दूर्घटना प्राकृतिक, मानव निर्मित कति छ । चरम वेथितिले निम्त्याएको उच्च शिखरमा पुगेको व्यापारघाटा, विदेशी मुद्रा सञ्चितीको कमी, जसोतसो आइरहेको विप्रेषणको कमी, विदेशिनेको लर्को, विकृत सामाजिक संरचना जहिले पनि किशोरी बलात्कारका घटना, निरन्तर काम देखाउनु पर्ने बेला हप्तामै गन्नै नसकिने विदा, जनक शिक्षा सामग्री केन्द्रले पुस्तक समयमा छपाइ गर्न नसक्नु, प्रशासनयन्त्र कमजोर भएकाले गत चुनावको परिणाम समयमा आउन नसकेको, मतपेटिका नै गायव भएको, परिणाम पछि गन्न बाँकी मतपेटिका भेटिएको जस्ता उदाहरण धेरै छन् । उम्मेदवारहरुकै राम धुलाइ भएको, गोली चलेको, बाकस लुटिएको, कसैलाई महानगर दाइजो दिन नेतृत्व पूरै उहीँ पुगेको, आफ्नो निष्ठामा बसेको व्यक्तिको हरिबिजोक गराइएको, लोकतन्त्रकै उपहास हुने गरी फरक दल र चिह्नमा भोट खसाल्न भनिएको जस्ता देशका विकृतिहरुको फेहरिस्त लामो छ । तर, समृद्धिको नारा, अनि सुशासन, सक्षमता, क्षमता, विज्ञता केही बाँकी छैन र त स्वयम् कार्यकारी प्रमुखले लुम्बिनीमा देखाएको तस्वीरले देशको शिर निहुरिन पुग्यो । भारतले गहुँ मात्र निर्यात रोकेन, चिनी पनि, भोलि अरु वस्तु पनि रोक्न सक्छ । कारण ऊ आफैं समस्यामा छ । जनता धेरै छन्, नाना, छाना, खाना मात्रै होइन उसले ८ प्रतिशत बढीको आर्थिक वृद्धि पनि गर्नु छ र नेतृत्व जिम्मेवार छ । उसको आफ्नो बजार व्यवस्थित नगराई अरुलाई दिनु पर्ने बाध्यता पनि छैन । अबको समस्या भनेको आन्तरिक खपतलाई हेर्नुपर्ने हुन्छ, भारतले मात्रै होइन, अन्य देशले पनि यस्ता रणनीति अब लिइरहन्छन् ।



आज नेतृत्वको शैली सुझ बुझपूर्ण नभएकाले नै अहिले श्रीलंका गम्भीर संकटमा छ । अरुको देखेर पनि चेत आउनु पर्नेमा दैलोमै समस्या आउँदा पनि हाम्रो नेतृत्व गम्भीर देखिएन र छातीमै लात हान्ने गरी बजारलाई अनियन्त्रित बनायो । बजेटमा देखाउने ललिपपहरु केवल नारा हुन् । अहिले पनि कसैले ६० पुग्ना साथ वृद्धभत्ता पाएका छन् त कसैले पाएका छैनन् । यहाँ ६० र ६८ वर्षको नाममा विभेद भइरहेको छ । ७० पुग्नेहरुले त पालिकामा गएर या त कागजपत्र मिलाउन सक्दैनन् या बैंकको पैसा आफैंफ्रिज भएका केसहरु कैयन छन् । लिन जान सक्दैनन्, पालिकाहरु घरमै ल्याइदिने भन्छन्, सबैजना सत्य मोहन हुन सक्दैनन् ।

अचम्म त के छ भने देशमा मलको संकट हुँदा आफैं कारखाना खोल्ने भनिन्छ । अब नोट पनि आफैं छाप्ने भन्न थालिएको छ । भृकुटी कागज कारखाना र गोरखकाली रबरलाई अब त्राण दिने भन्न थालिएको छ । रोप वेसमेत फू मन्तर गरेर यी ब्यूँतने होइनन् । मेलम्ची अहिले पनि अस्थायी छ, घाम हुन्जेल बिस्कुन सुकाएनन् दलहरुले, सत्ता हानथाप, एक अर्कामा हिलो छ्याप्ने काम गरे, अहिले अप्राकृतिक गठजोड छ । माटाको हाँडी फुट्न सक्छ फेरि, आफ्नै घर त जलाउनेले डेरालाई आफ्नै घर भनी कति दिन माया गर्ने हुन् थाहा छैन । हरेक सिटमा पुग्दा जनता फकाउने, अरुबेला तर्साउने त यहाँकै महानगरले देखाएको हो । सिटमा पुगेको दिन कुचो लिएर सडकमा आए, पछि विदेश सयर गरे, चिल्ला गाडी चढे, कर बढाए । ७ सालपछि देश अर्कै हुने भनियो । २००७, २०४६, २०६२ हरेकलाई क्रान्ति भनियो तर, यहाँ केवल शक्ति र सम्पत्तिको मात्र हस्तान्तरण भयो । त्यसैलाई लोकतन्त्र भनियो, वास्तवमा देशले लोकतन्त्र देखेकै छैन । लोकतन्त्रको संविधानमा केवल लेख्ने मात्र काम हुन्न व्यवहारमा पनि लागु हुनुपर्छ । यहाँ शिक्षा, स्वास्थ्य, मानव अधिकार, रोजगारी, आवास, स्वच्छ वातावरण, भनौँ ३ दर्जन मौलिक हकको व्यवस्था छ तर, त्यसको कार्यान्वयन छैन । संविधान आफै बोल्दैन, बोलाउनेहरुले आफ्नो इच्छाअनुसार बोलाउँछन् ।

संसद बन्द हुन्छ, कोमामा गइरहन्छ र अध्यादेशबाट राणा शासनको झल्को मेटाइन्छ, अहिले पनि नागरिकताको हतारो छ, आफ्ना मान्छेलाई जग्गा दिन हतारो छ, निदेशीऋणमा हुर्किएको लोकतन्त्र, गणतन्त्र विदेशी फोटो सजाएर यता पनि ठीक उता पनि ठीक, नैतिकता, निष्ठा, इमान्दारिता, सिद्धान्त, आदर्श, अनुशासन, सुशासन सुतेको छ देशमा । कोरोना कालमा सुतेका पालिकाहरुमा अब पदाधिकारीहरु भरिएका छन्, कोही दोहोरिएका पनि छन् तर देशको क्षमता हेर्दा र नागरिकको हैसियत हेर्दा साइकलभन्दा माथि जान सकिने अबस्था छैन । पहिले कसैले तलब, भत्ता, गाडी सुबिधा लिँदैनथे । अहिले हेलिकप्टर, प्राडो, पजेरो छ, कसै कसैले पूर्वतिर पालिका प्रमुखले चढ्ने गरेका गाडीलाई एम्बुलेन्सको रुपमा प्रयोग गर्ने पनि भनेका छन्, कसैले के भन्लान्, जे भन्लान् राम्रै भन्लान् तर, विगतमा भएको भने जोगी जो आए पनि कान चिरिएकै देखिएको हो । जे होस् अहिले आएका हलो वा स्वतन्त्रहरुले कुनै सुबिधा नलिएर जनताको काम गरे भने अरुलाई पनि त्यो सिक्न बाध्य हुन्छ । अनुशरण भएन भने श्रीलंकामा जस्तै नेता नग्याउने काम अब जनताले नगर्लान् भन्न सकिन्न, पीडा असह्य नै भइसकेको छ, अब पनि आदर्शका गफ् दिएर आयु लब्याउँछु भने कसैले भने अब ढिलो भइसकेको छ ।

विगतदेखि बजेट वा सरकारको कार्यक्रममा थाँती रहेका सयौं विषयहरु अलपत्र परेका छन् । कर्मकाण्डीरूपमा यसपटक पनि आएको छ विषय तर, चुनावका लागि तयार भएको सरकारले कुनै लामा र कुनै २ वर्षका कार्यक्रम किन दियो उदेक लाग्छ, एक वर्षपछि निजगढ विमानस्थल शुरु हुन्छ । २ वर्षभित्र स्थानीय तहमा विद्युतीकरण हुन्छ भन्ने निबन्धात्मक वाक्यांशहरु राष्ट्र प्रमुखबाट पढिरहनु पर्ने विषय हो र त्यो पनि पट्यार लाग्ने गरी र एउटै शब्दाबलीमा ३ पल्टसम्म दोहोऱ्याएर, कस्तो देश र कस्तो नेतृत्व पाएछौं हामीले ? यतिबेला पेट्रोलियम पदार्थको बिकी निजी क्षेत्रलाई दिन अध्ययन समिति बनाउने अल्मल्याउने कुरा भएको छ, कति दशक अघिदेखिको कुरो हो यो । अनि एकपल्ट त लागु पनि भइसकेको हो । पूर्वाधारजति आफैंले राख्ने, निजीक्षेत्र आउछ कसरी ? अनि ग्याँस निजी क्षेलाई दिइएको छ नि त, सुलभ रुपमा कहिल्यै पाउन सकिएको छैन । साँचो आफैंसँग छ, यत्रो संकटमा पनि प्रति सिलिण्डर ३ सय कर राख्न मिल्छ ? नेपाली मर्दैनन् यसो गर्दा, संकटमा सबैकर छुट गर्न सकिन्न ? किन सरकार पूरै व्यापारी भएको केवल नाफा तिर मात्रै हेरेको, चुहावट नियन्त्रण किन भएन ?

सरकारी संयन्त्र यति धेरै कमजोर किन, अध्ययन र विश्लेषण नै नगरी किन विदा थपेको ? हो, देशमा काम छैन, केवल दलको मात्र काम छ भने सरकारी कार्यालय हप्तामा २ दिन खोल्दा पनि हुन्छ, कुनै इन्नोभेटिभ काम छैन, आफ्ना मान्छेलाई सिट दिलाउन दर्जनौं आयोग, नियोग, संस्थाहरु भरमार खोलिएकाले सबैलाई काम छैन । त्यसो भए हप्तामा २ दिन कार्यालयको काम गर्ने बाँकी ५ दिन अनिवार्यरूपमा खेतीपाती गर्ने आफ्नो परिबारलाई पुग्ने अनाज, खाना आफैं उत्पादन गर्ने वातावरण मिलाउनु पऱ्यो, किन ल्याउने विदेशबाट खसी, तरकारी, तिहुँन, दाल, फूल, माछा, कपडा, भनौं दिनर रातका सबै सामान विदेशीले दिनु पर्ने यस्तो पनि देश हुन्छ ? कहीँ, छ रोजगारी कतै ? प्रधानमन्त्री रोजगार कार्यक्रमले कति दिन ककसलाई बगैंचामा फूल गोड्न लगायो, बाँकी युबा कोठामा सुतेर किन बसे ? छ कहीँ खोजी, आफ्नाले काम पाएका छन्, मोटाएका छन्, चिल्ला गाडी चढेका छन् । विचौलिया भएर नागरिकको शोषण गर्न पाएकै छन्, दल बा अन्य स्थानहरुमा रोजगारी मिलेकै छ भन्नु मात्रै लोकतन्त्र वा समाजवाद हो त ? त्यसै गाइएको छैन गीत "मुटुमाथि ढुँगा राखी हाँस्नु पऱ्या छ ।"

## सामाजिक सञ्जाल



- डा. जागेश्वर गौतम

कुण्ड–कुण्ड पानी, मुण्ड–मुण्ड बुद्धि ! प्रधानमन्त्रीको पार्टीका महामन्त्री सदनमा एसपीपीबारे जानकारी सभामुखमार्फत माग्छन्, महामन्त्रीले भेटेर आफ्नो पार्टीका सभापतिलाई सोधे भैहाल्यो नि । हैन बोलचाल भेटघाट बन्द छ कि कसो ?



- दिपक

एसपीपी त परको कुरा, शान्ती सेनाका लागी चाहिने १५/२० हजार राखेर बाँकी नेपाली सेना किन चाहियो र ? बरू कोस्टारिका जस्तो सैनिक बिहीन देश बनाउँदा छिमेकी दुबै सैनिक ताकतवर देशहरूको बिचमा हामी सुरक्षित हुन्थ्यौ होला तपाईलाई के लाग्छ ?



- प्रेम घर्ती मगर

एसपीपी सम्झौतामा उल्लेख भएको रकम पाँच वर्षसम्म खर्च गर्ने भनिएको छ । तर, दुई सम्झौता कहिलेसम्म जारी रहने भन्ने स्पष्ट छैन । किनकि सम्झौता पाँच वर्षमा सकिनेछ भनेर किटान गरिएको छैन । त्यसमाथि अमेरिकी फौज आउने मात्र भनिएको छ, तर कति संख्यामा भनेर सिमाना तोकिएको छैन ।



- डम्मर खतिवडा

मेयर वालेनसँग मिडियालाई ह्यारेस गर्ने, सार्वजनिक रूपमा 'तिमी' सम्बोधन गर्ने कुनै अधिकार छैन । राजा बीरेन्द्रले गणेशमानलाई तिमीभन्दा सिंहले दिएको उत्तर बालेनले खोजेर पढ्नु राम्रो । यो ज्ञानेन्द्र शाहलाई ठेगान लगाएका जनताको देश हो, बालेनले आफ्नो सीमा र मर्यादा बेलैमा बुझ्दा राम्रो ।



- मुमाराम खनाल

नेपालले निवेदन दियो, अमेरिकाले 'एसपीपी' सम्झौता स्वीकार गऱ्यो अमेरिका । अमेरिका भ्रमणमा 'एसपीपी' सम्झौता हुँदैन–प्रधानमन्त्री । अमेरिकासँग कुनै 'एसपीपी' सम्झौता भएको छैन–नेपाली सेना । सत्तामा जान मात्र मरिहत्ते गर्ने ढाँट, अपारदर्शी र अल्पतन्त्र/कुलीनतन्त्रको लज्जास्पद (अ)कुटनीति ।

# जातीय विभेदको पीडादायी अवस्था

**विचार**



● आर के बस्न्यात

> *हामी सबै मानव जातीभित्रका हौँ र एकले अर्कालाई मानवीय व्यवहार गरौँ । धार्मिक ग्रन्थमा समेत जातभातबारे कतै उल्लेख गरिएको छैन । बेदका रचनाकार ब्यासले पनि माझिको पुत्री विवाह गरेका थिए । तसर्थ, मान्छेले मान्छेलाई घृणा गर्ने धर्म स्वीकार्नु पनि महापाप हो ।*

सबै मानवको रगत रातो भएता पनि भेदभाव यथावत छ । धेरै पहिले गरिबलाई तल्लो जात भनिन्थ्यो, सफा सुग्घरी भएर चिटिक्क परेर अरुको कुरा काटेर दिनभरी काम नगरी हिँड्ने जमात ठूला बडा हुन्थे । गफ गर्न नजान्ने, कसैको विरोध नगर्ने अनि अरुले जे भन्यो त्यो हुबहु मान्ने व्यक्तिहरु नै बिस्तारै कथित निच जात हुनपुगे । विश्वमा जातभात भनेर छोइछिटो गर्नु मानव धर्म हुनै सक्दैन् । एक व्यक्तिले अर्को व्यक्तिलाई तल्लो र माथिल्लो जात भनेर भेदभाव गर्नु संसारमा सबैभन्दा ठूलो पाप हो, अपराध हो ।

सबैभन्दा महत्वपूर्ण विषय त विवेकहीन पक्ष नै हो । चुनाव लड्ने नेताहरुलाई दलित, जनजाती तथा सबै पक्षको मत चाहिन्छ । अछुत जात भनेर हेपिएका नागरिकले मतपत्रमा लगाएको छाप अछुत हुँदैन् । अछुत जाती भनेर नामाकरण गरिएका नागरिकले देशमा सुरक्षाकर्मी बनेर देश रक्षक बनिरहँदा सबैलाई मान्य हुन्छ । तल्लो जात भनिएका सबैले पसिनाले भिजेका रुपैयाँ (नोट) एक आपसमा सजिलै चल्छ । सुन, हिरा, मोती केही अछुत हुँदैन् । दमाई दाईले सिलाएको कपडा, टोपी, ठुलो जाति भनिनेको शरीरमा सजिलै पुग्छ । त्यहाँ कुनै छुवाछुतको आभास हुँदैन् । कामी दाईले बनाएको दियो प्रत्येक ठूला जातिको मूल कोठामा (पुजा कोठा) प्रत्येक दिन बत्ती बाल्न प्रयोग हुन्छ ।

एवम् रितले तल्लो जातले खेतबारी खन्न, गोरु जोत्न हुन्छ तर, त्यसबाट आएको अन्नबाली चाहिँ अछुत भयो । यदि तल्लो जातको पगरी गुथेको व्यक्तिले छोएमा मानिस मानिसमा यसरी भेदभाव गरिरहँदा तल्लो जातीले माथिल्लो जातीलाई कसरी र कहिले विश्वास गर्न सक्छन् ? तल्लो जाती बनाइएका सबैको भोट, नोट, परिश्रम सबै चल्ने तर, सिउँदोमा सिँदुर चाहिँ किन नचल्ने ? अब दलित र तल्लो जात भनिने सबैले एउटै प्रश्न उठाऔं । अनि एउटै प्रस्ताव पेश गरौँ । मानव मानवबीचमा कुनै पनि बहानामा भेदभाव गर्नु हुँदैन् ।

जातजाती भनेर आफूले आफैँलाई पछाडितिर धकेल्ने काम नगरौँ । नेपालमा धर्म प्रचारको संख्या बढ्नुको कारण एउटा भेदभाव र छुवाछुत पनि हो । यदि तल्लो जात र माथिल्लो जातको भनेर भेदभाव नगर्ने हो भने ५० प्रतिशत धर्म परिवर्तन स्वतः रोकिन्छ । प्रत्येक राजनीतिक दलहरुले आधिकारिक र व्यवहारिक रूपमा छुवाछुत निर्मुल पार्नुपर्छ । यो मुलुकमा धन सम्पतिले सम्पन्न व्यक्तिलाई सबैले सम्मान गर्छन् । गरिब छ भने उसलाई हेपिन्छ । गरिब र निमुखालाई जहिले पनि ठूलाबडा भन्नेहरुले विभिन्न दोषारोपण गर्छन् । त्यसैले जातीय भेदभाव तथा गरिबी उन्मुलनमै लाग्नुपर्ने आजको आवश्यकता हो न कि यो जात ठूलो र यो जात सानो भनेर बस्ने अवस्था छ । हामी सबै मानव जातीभित्रका हौँ र एकले अर्कालाई मानवीय व्यवहार गरौँ । धार्मिक ग्रन्थमा समेत जातभातको कतै उल्लेख गरिएको छैन । बेदका रचनाकार ब्यासले पनि माझिको पुत्री विवाह गरेका थिए । साथै आफुलाई विश्वभरी कै शक्तिशाली राष्ट्र भन्न रुचाउने मुलुकहरू समेत छुवाछुतमा लिप्त देखिन्छन् । मान्छेले मान्छेलाई घृणा गर्ने धर्म स्वीकार्नु पनि महापाप हो । तसर्थ, विश्वमा चलिरहेकै धर्ममा मानव विरोधी गन्ध आउने गर्छ ।

*(आर के बस्न्यातको फेसबुकबाट)*

# तत्कालीन प्रमुख प्रशासकीय अधिकृतसहित ६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–**

